कञ्चन गाउँपालिका
Kanchan Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

## Office Of The Rural Municipal Executive

कञ्चन, रुपन्देही
Kanchan-2, Rupandehi

पत्र संख्या / Ref No :-
चलानी नं. / Dispatch No.:-

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

मितिः २०७८/०१/२२

विषयः कञ्चन गाउँपालिकाको अनुरोध ।

नयाँ भेरियन्टको कोरोना भाईरसको संक्रमण दिनानुदिन उच्च दरमा फैलिरहेको हुँदा हाम्रो गाउँपालिकामा पनि यसको संक्रमणको उच्च जोखिम देखिएकोले संक्रमण नियन्त्रण गरी आम नागरिकको स्वास्थ्य सुरक्षा सतर्कता अपनाउँदै सम्पूर्ण जनप्रतिनिधिहरु र कर्मचारीहरु अहोरात्र खटिरहेका छौं । भारत लगायत अन्य देशहरु तथा संक्रमण फैलिएका जिल्लाहरुबाट आएका नागरिकहरु आफ्नो घरपरिवारसँग प्रत्यक्ष सम्पर्कमा नरहने गरी १० दिन सम्म अनिवार्य घरमै क्वारेन्टिनमा बस्नु हुन र संक्रमण जस्तो सामान्य लक्षण देखिएका व्यक्तिहरुले घरमा छुट्टै आइसोलेटेड भएर बस्नु हुन तथा शरीरमा ज्वरो आएमा वडामा रहेका ५ वटै स्वास्थ्य संस्थाहरुमा दैनिक रुपमा Fever Clinic संचालन गरिएको हुँदा ज्वरो जाँच गराउनु हुन समेत अनुरोध गर्दछौं । आफ्नो स्वास्थ्यमा कोभिड संक्रमण देखिएमा हतोत्साहित नहुनु हुन र स्वास्थ्यमा कुनै समस्या देखिएमा आफ्नो वडाको वडाध्यक्षसँग तथा तपसिल बमोजिमका नम्बरहरुमा सम्पर्क हुने व्यवस्था मिलाइएकोले स्वास्थकर्मिहरुको सम्पर्कमा रही स्वास्थ्यकर्मिले दिएको परामर्श अनुसार आफ्नो स्वास्थ्यको ख्याल गर्नु हुन अनुरोध गर्दछौं । गाउँपालिकाको रुद्रपुर स्वास्थ्य चौकीमा ५ शैयाको अस्थायी कोभिड अस्पताल सञ्चालनमा रहेको समेत जानकारी गराउँदै बढ्दो महामारीको संक्रमण रोकथाम तथा नियन्त्रण व्यक्ति, समुदाय, संघ-संस्था, राजनीतिक दल, जनप्रतिनिधि, कर्मचारीको संयुक्त प्रयासबाट मात्र सम्भव हुने भएकोले जारी निषेधाज्ञालाई कडाइका साथ कार्यान्वयन गर्नु गराउनु हुन समेत हार्दिक अनुरोध गर्दछौं ।

(लेखबहादुर बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

(गोकर्ण बहादुर क्षेत्री)
अध्यक्ष

तपसिल

कोभिड फोकल पर्सन तथा स्वास्थ्य शाखा प्रमुख राम प्रसाद गौतम (९८४७०८२३८८)
अस्थायी कोभिड अस्पताल ईन्चार्ज सुरेन्द्रराज बास्तोला (९८४७०४५३४३)
रुद्रपुर स्वास्थ्य चौकी ईन्चार्ज विमला पाण्डे (९८६७०३८२१६)
गजेडी स्वास्थ्य चौकी ईन्चार्ज गिताराम रिजाल (९८४८७२४३९१)

E-mail:- kanchangaupalika@gmail.com, Website: - www.kanchanmun.gov.np
E-mail:- info@kanchanmun.gov.np,